नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(सामाजिक समावेशीकरण शाखा)
सिंहदरबार, काठमाण्डौ, ।

पत्रसंख्याः ०८२/८३ सा.स.च.नं. २६

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

मितिः २०८२।५।११
नेपाल संवत ११४५

बारबर्दिया नगरपालिका
दर्ता नं. ११८४
दर्ता मिति २०८२/५/१८

श्री स्थानीय तह (सबै)।

**विषयः निर्णय सिफारिस सम्बन्धमा ।**

प्रस्तुत विषयमा आदिवासी जनजाति आयोगको प.सं. ८२/८३, च.नं. ५६, मिति २०८२।५।८ गतेको निर्णय सिफारिस सम्बन्धी पत्र यसै साथ संलग्न छ । सो सम्बन्धमा संलग्न सिफारिसहरु आवश्यक कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(दिपेन्द्र पाण्डे)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखाः सबै स्थानीय तहलाई ईमेल गरिदिनुहुन ।

फोन ४२००४१४, ४२००५२८ Web: www.mofaga.gov.np

CamScanner

# आदिवासी जनजाति आयोग
## INDIGENOUS NATIONALITIES COMMISSION
पुल्चोक, ललितपुर


पत्र संख्या : ०८२/८३
चलानी नं. : ४६

मितिः २०८२।०५।०८
ने.सं. ११४५

संघीय मामिला तथा सामान्य प्रशासन ...
दर्ता नं.:- ९८८६
दर्ता मितिः- ५।९

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

**विषयः निर्णय सिफारिस सम्बन्धमा।**

प्रस्तुत विषयमा नेवार समुदायको गाईजात्रा (सायाः/सापारु) पर्वको नाममा हुने विकृति रोकथाम तथा उक्त पर्वको मौलिकता संरक्षणको लागि गाईजात्रा महोत्सवका नाममा हुने मनोरञ्जनात्मक तथा व्यवसायिक क्रियाकलापहरु बन्द गर्न गराउन निर्देशन जारी गरी पाउँ भनी आयोगमा बुँदागत रुपमा ध्यानाकर्षण पत्र/उजुरी प्राप्त भएको विषयमा आयोगले मिति २०८२/०५/०४ गते साँस्कृतिक संस्थान, नेपाल प्रज्ञा प्रतिष्ठान लगायत सरोकारवाला निकायहरूका प्रमुख र पदाधिकारीहरु तथा नेवाः देय् दबु केन्द्रीय समितिका प्रतिनिधिहरुसँग भएको छलफलबाट प्राप्त सुझाव समेतबाट सो सम्बन्धमा आयोगको मिति २०८२/०५/०५ गतेको पूर्ण बैठकबाट भएको निर्णयको छाँयाप्रति पत्रसाथ संलग्न छ। उक्त निर्णयको सिफारिसहरु कार्यान्वयन हुने आवश्यक व्यवस्थाका लागि आदेशानुसार अनुरोध छ।

दयाकृष्ण ढकाल
शाखा अधिकृत


टेलिफोन नं.: ९७७-१-५५२४७८८, ५५२४४२४
वेभसाइट : www.inc.gov.np
इमेल ठेगाना : inc.gov.np@gmail.com


CamScanner

आदिवासी जनजाति आयोग

आदिवासी जनजाति आयोग
पुल्चोक, ललितपुर

निर्णय नं.- ११२/०८२/८३
निर्णय भएको मिति- २०८२/०५/०५

प्रस्ताव पेश गर्न स्वीकृत भएको मितिः २०८२/०५/०५
प्रस्तावः नेवार समुदायको गाईजात्रा पर्वका सम्बन्धमा ।

१. विषयको संक्षिप्त विवरण :
नेवाःदेय् दबू केन्द्रीय समितिको प.सं.च.नं. ८७/११४५/११४६ को मिति २०८२/०५/०१ गतेको पत्रानुसार नेवार समुदायको गाईजात्रा (सायाः/सापारु) पर्वको नाममा हुने विकृति रोकथाम तथा उक्त पर्वको मौलिकता संरक्षणको लागि गाईजात्रा महोत्सवका नाममा हुने मनोरञ्जनात्मक तथा व्यवसायिक क्रियाकलापहरु बन्द गर्न गराउन निर्देशन जारी गरी पाउँ भनी आयोगमा बुँदागत रुपमा ध्यानाकर्षण पत्र दर्ता गराउनु भएको हुँदा उक्त विषयमा आवश्यक कारवाही गर्नुपरेको।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः
नेवार समुदायको गाइजात्रा पर्व मृतात्माको शान्ति, परिवारजनलाई सान्त्वना र सामुदायिक तथा सांस्कृतिक ऐक्यबद्धताको गहिरो आध्यात्मिक एवं सामाजिक सन्देश बोकेको परम्परागत सांस्कृतिक पर्वको रुपमा रहेको छ। पछिल्लो समय विभिन्न संस्था, समूह तथा व्यक्तिहरुले "गाइजात्रा महोत्सव" का नाममा विभिन्न मनोरञ्जनात्मक, हास्यव्यङ्ग्यात्मक तथा व्यवसायिक कार्यक्रमहरु सञ्चालन गर्दा यस पर्वको मूल मर्ममाथि नै आघात पुग्न गइ यसको मौलिकता नै नष्ट हुने अवस्थामा पुगेको भनी नेवाःदेय् दबू केन्द्रीय समितिको गुनासो रहेको।

३. प्रस्ताव पेश गर्नु पर्नाको कारणः
नेपालको संविधान, प्रचलित कानून, नेपाल पक्षराष्ट्र रहेको ILO Convention 169 र आदिवासी जनजाति अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP, २००७) ले आदिवासी जनजातिहरुको सामाजिक, सांस्कृतिक, धार्मिक र आध्यात्मिक मूल्यको संरक्षण गर्ने अधिकार सम्बन्धित समुदायलाई भएको उल्लेख गरेको छ। अतः यस सम्बन्धमा मिति २०८२/०५/०४ गते आदिवासी जनजाति आयोगले सांस्कृतिक संस्थान, नेपाल प्रज्ञा प्रतिष्ठान लगायत सरोकारवाला निकायहरूका प्रमुख र पदाधिकारीहरु तथा नेवाः देय् दबु केन्द्रीय समितिका प्रतिनिधिहरुसँग भएको छलफलबाट गाइजात्रा पर्वका नाममा भइरहेको विकृति रोक्न आवश्यक रहेको निक्यौंल गरेको छ।

४. आयोगबाट भएको निर्णय :

(क) नेवार समुदायको सांस्कृतिक पर्व गाईजात्रा (सायाः/सापारु) को नाममा हुने विभिन्न मनोरञ्जनात्मक, हास्यव्यङ्ग्यात्मक तथा व्यवसायिक कार्यक्रमहरुले उक्त पर्वको मूल मर्म र मौलिकतामाथि नै प्रहार हुने हुँदा आगामी दिनमा गाइजात्रा पर्वको नाममा र सोही दिन पारेर गरिने यस प्रकारका कार्यक्रमहरु सञ्चालन नगर्न र नगराउन मातहतका निकाय र सरोकारवालाहरुलाई आवश्यक निर्देशनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई सिफारिस गर्ने।

(ख) स्थानीय तहमा गाईजात्रा पर्वको अवसरमा उक्त पर्वको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक मर्म विपरित विभिन्न मनोरञ्जनात्मक, हास्यव्यङ्ग्यात्मक र व्यवसायिक कार्यक्रमहरु संचालन नगर्न/नगराउन र उक्त पर्वको मौलिकतामा प्रतिकूल असर नपर्ने गरी कुनै कार्यक्रम सञ्चालन गर्नुपर्दा सम्बन्धित समुदायको सहमति, सहभागिता र अगुवाइमा मात्र सञ्चालन गर्न/गराउन सबै स्थानीय तहहरुलाई आवश्यक परिपत्रका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सिफारिस गर्ने। सोको कार्यान्वयनको अनुगमन तथा आवश्यक रेखदेख र निर्देशनका लागि जिल्ला प्रशासन कार्यालयहरुलाई आवश्यक निर्देशनका लागि गृह मन्त्रालयलाई सिफारिस गर्ने।

| | | | | |
|---|---|---|---|---|
| (मा. सुर्यबहादुर गुरुङ) | (मा. शरण राई) | (मा. रीना राना) | (मा.डा.मीन बहादुर श्रीस) | (मा.रामबहादुर थापामगर) |
| सदस्य | सदस्य | सदस्य | सदस्य | अध्यक्ष |

CamScanner